# स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८
# सामाजिक विकास मन्त्रालय, मधेस प्रदेश

## रणनीतिका बारेमा

प्रदेश तहको विकास र शासनलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका हिसाबले उत्तरदायी बनाउने कार्यमा मधेस प्रदेश सरकार अग्रसर रहँदै आएको छ । आधारभूत र अत्यावश्यक स्वास्थ्य सेवा सुविधा पाउनबाट कोही पनि छुट्नु हुदैन भन्ने सोचका साथ स्वास्थ्य सेवा नपुगेका क्षेत्र तथा समुदायमा सबैको समान र समावेशी पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८ सामाजिक विकास मन्त्रालयबाट यही २०७८ साल माघ २ गते स्वीकृत भएको हो ।

महिला, सीमान्तकृत तथा जोखिममा रहेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र समतामुलक स्वास्थ्य सेवा प्रणालीको विकास नै यस रणनीतिको मुख्य ध्येय हो । यो रणनीति सहभागितामुलक ढंगले विभिन्न दस्ताबेज, उपलब्ध तथ्याङ्क, सूचना, शोधको पुनरावलोकन र सरोकारवालासँगको छलफलका आधारमा निर्माण गरिएको हो । लैङ्गिक समानता, सामाजिक न्याय, सामाजिक समावेशीकरण तथा सुशासनका आधारमा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच तथा उपभोग सुनिश्चित गर्न यो रणनीति कोशेढुङ्गा साबित हुनेछ ।

## यो रणनीति किन?

क. संविधानमा उल्लेखित स्वास्थ्यसम्बन्धी हक तथा अधिकारको प्रत्याभूति तथा सोसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रतिबद्धताले सृजना गरेको राज्यको दायित्व पुरा गर्न ।

ख. आवधिक योजना तथा स्वास्थ्य नीतिले अपेक्षा गरेअनुरूप गुणस्तरीय स्वास्थ्य सेवामा सबैको समतामुलक एवम् समाबेशी पहुँच सुनिश्चित गर्न ।

ग. नागरिकको स्वास्थ्यसँग सम्बन्धित लैङ्गिकतामा आधारित सबै प्रकारका विभेद र हिंसाको अन्त्य गर्न ।

घ. प्रदेशको आवधिक योजनामा उल्लेखित स्वास्थ्य क्षेत्रसँग सम्बन्धित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन ।

ङ. नेपालले प्रतिवद्धता जनाएको दिगो विकास लक्ष्य २०३० मा उल्लेखित समानतामा आधारित स्वास्थ्यसम्बन्धी लक्ष्य हासिल गर्न ।

च. प्रदेश स्वास्थ्य प्रणालीलाई कल्याणकारी अवधारणाबाट अधिकारमा आधारित पद्धतिमा रूपान्तरण गरी स्वास्थ्य क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्नका लागि स्वास्थ्य सेवाका मापदण्ड निर्धारण गर्न, सेवा प्रवाहका लागि संस्थागत क्षमता विकास गर्न तथा जवाफदेहिता सुनिश्चित गर्न ।

छ. सीमान्तीकृत एवम् वञ्चित समुदायलाई सशक्त तुल्याई स्वास्थ्य अधिकारको माग गर्न र उपभोग गर्न सक्षम बनाउन ।

ज. संघीय शासनबमोजिम प्रदेशलाई संविधानले प्रदान गरेको स्वास्थ्य सेवासम्बन्धी दायित्व पूरा गर्न सक्षम तुल्याउन ।

झ. स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका अपेक्षित उपलब्धि हासिल गर्न प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटको प्रभावकारी कार्यान्वयन गर्न ।

ञ. प्रदेशको स्वास्थ्य क्षेत्रलाई समतामुलक, समावेशी बनाउन सरोकारवालाहरूबीच साझेदारी र सहकार्य प्रबर्द्धन गर्न ।

## रणनीतिले स्वास्थ्य क्षेत्रलाई निम्न लिखित कार्य गर्न निर्देशित गरेको छ:

१. प्रदेश र स्थानीय तहको स्वास्थ्य क्षेत्रको नीति तथा प्रणालीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गर्नु ।

२. लैङ्गिक उत्तरदायी तथा समावेशी स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता अभिबृद्धि गर्नु ।

३. महिला, सीमान्तीकृत तथा जोखिममा रहेका समुदायको आधारभूत तथा विशेष स्वास्थ्य आवश्यकता पूरा गर्नका लागि लक्षित पहलका माध्यमबाट स्वास्थ्य सेवामा उनीहरूको समतामूलक पहुँच सुनिश्चित गर्नु ।

४. लैङ्गिक हिंसा तथा विभेदलाई अन्त्य गर्नका लागि प्रतिरोधात्मक, संरक्षणात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य कार्यक्रमको विस्तार एवम् सुदृढीकरण गर्नु ।

## रणनीति कसका लागि?




## रणनीतिको कार्यान्वयनः

प्रदेश तहको निर्देशन समिति, प्रदेश तहको समन्वय समिति र स्थानीय तहको समन्वय समितिले यस रणनीतिलाई प्रभावकारी रूपले कार्यान्वयनमा मार्गनिर्देश गर्नेछन् । सामाजिक विकास मन्त्रालयको सहजीकरणमा र विभिन्न मन्त्रालय, निकाय र सरोकारवालाको सहकार्यमा कार्यान्वयन गरी महिला, सिमान्तीकृत एवम् जोखिममा रहेका समुदायको आधारभूत र विशिष्टीकृत सेवामा पहुँच सुनिश्चित गर्नु यो रणनीतिको ध्येय रहने छ ।

यो रणनीति निम्न वेभ ठेगानामा उपलब्ध छ ।

**http://www.nhssp.org.np/GESI-Report.html**

Disclaimer:- This material has been funded by UKaid from the UK Government; however the views expressed do not necessarily reflect the UK government's official policies.

UKaid from the British people

NHSSP

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी